गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश

## आन्तरिक आय तर्फको नदीजन्य पदार्थ (बालुवा) संकलन/उत्खनन तथा बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र र दरभाउपत्र आव्हानको सूचना

(छैठौं पटक सूचना प्रकाशन मिति :- २०८१/११/२०)

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ उपदफा २"घ"को (६), दफा ६४ उपदफा १ (च), नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ (पहिलो शंशोधन २०७९)बमोजिम र गु.न.पा.को स्वीकृति प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन IEE मा व्यवस्था भए अनुसार देहाय बमोजिमको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्य तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व.०८१/०८२ जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म, संस्था वा कम्पनीबाट सिलबन्दी बोलपत्र र दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| आय ठेक्का नं. | नदी तथा खोलाको विवरण | प्रारम्भिक वातावरणीय मूल्यांकन अनुसार उत्खनन् गरिने घाटको विवरण | संकलन र बिक्री गर्न पाउने पाउने अधिकत्तम परिमाण (क्यू.फिट.) | बिक्री र निकासी प्रति क्यू. फिट | न्यूनतम ठेक्का अंक, सेवा शुल्क, आय कर ,मूल्य अभिबृद्धि कर ( भ्याट बाहेकको रकम) | धरौटी रकम | दरभाउपत्र र बोलपत्र रकम | बोलपत्र/ दरभाउपत्र खरिद गर्ने अबधी र मिति | बोलपत्र/ दरभाउपत्र दर्ता गर्ने अबधी र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 05/GNP/S /2081/82 | बबई नदी | बालापुरघाट | २१३६५५.७५घ.फीट बालुबा | बालुबा रु ८- माटो रु ३/- | १७,०९२,४६/- | कबोलको रु ५% | १०००/- | १५ दिन २०८१/१२/०५ गते सम्म। | २०८१/ १२/०६ गते बिहान १२ बजे भित्र | बालापुरघाट र प्रयागपुरघाटको दरभाउपत्रको माध्यामबाट |
| 06/GNP/S /2081/82 | | प्रयागपुरघाट | १७६५७५घ.फी बालुबा | | १४,१२,६००/- | | | | | |
| 07/GNP/S /2081/82 | बबई नदी | भादाघाट | ५०८५३६ घ फी. बालुवा र १२७१३४ घ.फि माटो | बालुबा रु ८- माटो रु ३/- | ४०,६८,२८८/- | कबोलको रु ५% | ३०००/- | ३० दिन २०८१/१२/२० गते सम्म | २०८१/१२/२१ गते बिहान १२ बजे भित्र | भादाघाट, बैरियाघाट गुरबागाउघाट र बिकि घाट बोलपत्रको माध्याम बाट |
| 08/GNP/S /2081/82 | | बैरियाघाट | ६६४६२८.०३ घ.फी बालुबा | | ५३,१७,०२६.०४ | | | | | |
| 09/GNP/S /2081/82 | | गुरुबागाउँघाट | ७९३८८१..०२घ.फी बालुबा | | ६३,५१,०४९.६० | | | | | |
| 10/GNP/S /2081/82 | | बिकीघाट | ३६०२१३ घ.मी बालुबा | | २८,८१,७०४ | | | | | |

ओमकार शाह
प्रमुख प्रशासकिय अधिकृत

**शर्तहरु:**

१)बोलपत्र फाराम र दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १५ औं ३० औ दिनसम्म कार्यालय समय भित्र तोकिएको शुल्क पछि फिर्ता नहुने गरी बुझाई राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्र र दरभाउपत्र हरु सिलबन्दी गरी १६ औं र ३१ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्र र दरभाउपत्र हरु सोही दिनको २:०० बजे बोलपत्रदाता , दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र,दरभापत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र, दरभापत्रदाता खोल्न बाधा पर्नेछैन । बोलपत्र फाराम दरभाउपत्र फाराम **खरिद गर्ने वा खोल्ने** अन्तिम दिन बिदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिनेछ ।

२) बोलपत्र, दरभाउ खरिद गर्दा निवेदन सहित फर्म वा संस्थाहरुले व्यवसाय दर्ता/ नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि करको प्रमाणपत्र र आ.व.०८०।०८१ को कर चुक्ता प्रमाणपत्र व्यक्तिको हकमा नागिरकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३) बोलपत्र, दरभाउपत्र फाराम पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखी कबुल अंकको ५% ले हुने आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक स्थित धरौटी खाता नं.४१४०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्थाकोको जमानी पत्र (बैंक ग्यारेन्टी) सिलबन्दी बोलपत्र, दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिईनेछ ।

४) नेपाल सरकारको प्रचलित कानून बमोजिम लाग्ने आयकर, मूल्यअभिबृद्धि कर तथा शुल्कहरु बोलपत्रदाता, दरभाउपत्र दाता स्वयंले सम्झौता गर्दाका वखत तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

५) आ.व.०८१/०८२ को लागि कर संकलन मिति सम्झौतामा उल्लेख भए बमोजिम २०८२ जेष्ठ मसान्तसम्म हुनेछ ।

६) बोलपत्र, दरभाउपत्र स्वीकृति भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफि दिईनेछैन ।

७) बोलपत्रदाता , दरभाउपत्र दाताको कबोल रकमलाई २ किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% हुन आउने रकम सम्झौता हुनु अगावै बुझाउनुपर्नेछ र बांकी ५०% रकमको मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको २०८२ असाढ मसान्तसम्म म्याद भएको बैंक जमानी पत्र पेश गर्नुपर्नेछ कूल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबुल अंकको १०% सम्म छुट दिईने छ ।

८) बोलपत्र फारम दरभाउ पत्र मा मूल्यअभिबृद्धि कर बाहेक / समेत को रकम उल्लेख गर्नुपर्नेछ। म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन

९) यस नगरपालिकाको छाप वा कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फाराम दरभाउ पत्र लाई मान्यता दिईनेछैन ।

१०) यो सूचनामा उल्लेखित कुरा यसै सूचना अनुसार हुनेछ, सूचनामा नभएकाको हकमा प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४, लुम्बिनी प्रदेश को आर्थिक ऐन २०८१ ,नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७, गुलरिया नगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण २०८० मा उल्लेख भए अनुसार हुनेछ ।

११) यस नगरपालिकाको हितमा ध्यानमा राखी बोलपत्र दरभाउ पत्र स्वीकृति गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृति गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) एक फर्म वा संसस्थाका नाममा खरिद गरिएको बोलपत्र, दरभाउपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाईने छैन । म्याद नाघी ,रित नपुगी वा शर्त सहित प्राप्त पेशहुन आएको बोलपत्र दरभाउपत्र स्विकार्य गर्न कार्यालय बाध्य हुने छैन ।

१३). तोकिएको म्यादमा पट्टा उठाउन नआएमा राखीएको धरौटी रकम जफत गरि नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ ।यस नगरपालीकाको नदि उत्खनन परिमाण सन्दर्भमा स्थानिय सरकार संचालन ऐन २०७४ सम्वन्धीत स्थानिय तह बाट जारी भएको कानुन तथा अन्य प्रचलीत कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालय बाट गरिएको वातावरणीय अध्यन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिनन अंग मानिने छ ।

इच्छुक बोलपत्र र दरभाउपत्रदाताले यस सम्बन्धी बिस्तृत जानकारी तथा बोलपत्र र दरभाउपत्र फारामका लागी गुलरिया नगरपालिका नगरकार्यपालिकाको कार्यालयको बेबसाइट www.gulariamun.gov.np वा बाट जानकारी प्राप्त गर्न सकिनेछ ।

ओमकार शाह
प्रमुख प्रशासकिय अधिकृत